बाइबल अध्ययन कसरी गर्ने

पाष्टरीय तालीम पुस्तिका

१४

तालीम र वृद्धि

T&M ®

बाइबल के हो ?

बाइबल परमेश्वरको वचन हो । यो परमेश्वरको आत्माद्वारा प्रेरित भएर अगमवक्ता अनि अरु लेखकहरुले लेखेका हुन् । लगभग ४० लेखकहरुले लेखेका हुन् ।

६६ वटा पुस्तकहरुमध्ये, पुरानो करारको ३९ वटा, अनि नयाँ करारको २७ वटा । पुरानो करार (नियम) भन्नाले परमेश्वरले इस्राएल राष्ट्रसित गर्नुभएको करार बुझिन्छ । (प्रस्थान २४:६-८) करार भन्नाले सम्झौता भन्ने बुझिन्छ । नयाँ करार (नियम) चाहिँ परमेश्वरले इसाईहरुसित गर्नुभएको नयाँ करार अर्थात सम्झौता भन्ने बुझिन्छ । (हिब्रू ९:१५)



बाइबलमा हामी व्यवस्था, इतिहास, अगमवाणी, खीष्टको जीवनी, अनि नयाँ मण्डलीहरुलाई पत्रहरु पाउँदछौं । सम्पूर्ण बाइबलको केन्द्रीय विषय-वस्तु चाहिँ प्रभु येशू खीष्ट हुन् ।

बाइबलको सन्देश एकै पदमा सारांशको रुपमा प्रस्तुत गरिएको छ :

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"

(यूहन्ना ३:१६)

बाइबलमा "नियम" शब्दको अर्थ:

☐ एक आत्मिकी प्रयोग

☐ एक दृढ सम्झौता

बाइबल परमेश्वरद्वारा प्रेरित भएको हो । परमेश्वर पवित्र आत्माले यसका लेखकहरुलाई अगुवाइ गर्नुभयो । उनीहरुले कुनै भूलरहित लेखे । बाइबल परमेश्वरको वचन हो - परमेश्वरले हामीलाई जे भन्न चाहनुहुन्छ त्यो यही हो ।

बाइबलमा रहष्यात्मक कुराहरु छन्, तर यो कुनै जादू अथवा ज्योतिषीको पुस्तक होइन । यो अति नै व्यावहारिक छ । हरेक पदचांशमा नै रहष्य खोज्ने काम चाहिँ नगरौं । जे स्पष्ट छ त्यसमाथि मनन गरौं अनि पालन गरौं ।
बाइबल सररर पल्टाएर, फाटफूट पदहरु छानेर, सन्दर्भदेखि बाहिर रहेर अगुवाइ खोज्ने काम नगरौं ।

पुरानो संस्करणको बाइबलबाट बुझ्न सक्नुहुन्न भने, हालैको अनुवादहरुबाट हेर्नुहोला ।

बाइबलको केन्द्रीय विषय-वस्तु खीष्ट हो । किन ?

बाइबलको प्रेरणाले के बुझाउँछ ?

☐ यसको रहष्य

☐ लेखकहरुलाई परमेश्वरको अगुवाइ

परमेश्वर स्वयंले जे चाहनुभएको छ त्यही नै बाइबलका शब्दहरु हुन् ।

बाइबलमा पदहरु कसरी भेट्टाउनु ?

आराधना सेवाहरु अनि बाइबल अध्ययनको बेला हामी सधैं पदहरु खोज्छौं । नयाँ विश्वासीहरुलाई ती पदहरु पाउन सहायता गर्नोस् । उनीहरुलाई पदहरु भेट्टाउन कसरी सिकाउने, यहाँ एक उदाहरण दिइएको छ ।

हामी १ पत्रुस २:२ प्रयोग गर्नेछौं ।

१ पत्रुस पुस्तक

२ चाहिँ अध्याय

:२ चाहिँ पद हो

- सर्वप्रथम बाइबलको शुरुमा सूचीपत्र हेरी त्यहाँबाट १ पत्रुस पुस्तक भेट्टाउनोस् । यहाँ तपाईले १ पत्रुस कहाँ पाइन्छ भनी पृष्ठ संख्या पनि पाउनुहुनेछ । यही पृष्ठ पल्टाएर यो पुस्तक भेट्टाउन सकिन्छ । त्यसपछि अध्याय २ खोज्नोस् ।

- अध्यायहरु बाइबलमा ठूला ठूला अक्षरले लेखिएको हुन्छ । ठूलो अक्षरले लेखिएको २ मा अडिनुहोस् ।

- जब तपाईले अध्यायको निम्ति २ पाउनुहुनेछ, तबसानो अक्षरमा लेखिएको २ खोज्नोस् । पदको २ संख्या यही हो ।

भजन १९:७-११ पढ्नोस् अनि मनन गर्नोस् ।

☐ जब पढिसक्नुहुन्छ यो बक्समा दाग लाउनोस् ।

किन हामीले बाइबल अध्ययन गर्नुपर्ने ?

परमेश्वर हामीसँग बाइबलबाट बोल्नुहुन्छ । धेरै कारणहरुले गर्दा हामी यसको अध्ययन गर्दछौं:

१. बाइबलले हामीलाई धार्मिकतामा निर्देशन दिँदछ ।
ण्ज्ञद्ध(ण्घछ
☐ २ तिमोथी ३:१६-१७ पढ्नोस् ।

बाइबलले हामीलाई भनेको हरेक कुरा सत्य छ । हामी यसैद्वारा हाम्रो जीवनमाथि शासन गर्दछौं । यसको उद्देश्य छ: *"कि परमेश्वरको जन सिद्ध हरेक असल कामको निम्ति सुसज्जित र होऊन् ।"*

२. बाइबल दुष्टताको विरुद्ध हाम्रो हतियार हो । (ण्घढ
☐ एफिसी ६:१२-१७ अनि हिब्रू ४:१२ पढ्नोस् ।

हाम्रो संघर्ष दुष्ट आत्माहरुको विरुद्धमा छ। यसको निम्ति हामीलाई परमेश्वरको हतियार चाहिन्छ।



हाम्रो तरवार परमेश्वको वचन हो (एफिसी ६:१७)। यसको शक्ति छ किनकि यो ता परमेश्वर स्वयंले बोल्नुभएको हो।

३. प्रभु येशूले निरन्तर बाइबलबाट पदहरु उद्धृत गर्नुभयो, विशेष गरी जब उहाँ शैतानबाट परीक्षामा पर्नुभयो। (मत्ती ४:४,७,१०)

४. बाइबलले हामीलाई आशा दिलाउँछ।

☐ रोमी १५:४ अनि १ यूहन्ना ५:१३ पढ्नोस्।

बाइबलले परमेश्वरका धेरै जनहरुको जीवनबाट नमूनाहरु हामीलाई दिएको छ। हामीसित भएको पर मेश्वरको धैर्यलाई हामी देख्नसक्छौं, अनि हामी जब मर्दछौं, हामी उहाँसित रहनसक्छौं भनेर जान्दछौं।

सबैभन्दा मुख्य कुरा, बाइबलद्वारा पवित्र आत्माले हामीलाई ज्योतिर्मय बनाउनुहुन्छ अनि प्रभु येशू ख्रीष्टको व्यक्तित्वलाई जान्न सहायता गर्नुहुन्छ ।

नयाँ करारका पुस्तकहरुले केको बारेमा सिकाउँछ ?

नयाँ करार सुसमाचारहरुबाट शुरु भएको छ: मत्ती, मर्कूस, लूका र यूहन्ना । यी सबै नयाँ करारका आधार हुन् । तिनीहरुले यस पृथ्वीमा ख्रीष्टले जिउनु भएको जीवन, मृत्यु र पुनरुत्थानको बारेमा बताउँछ । यिनीहरुलाई पढ्दा हामीले ख्रीष्टको बारेमा अझ राम्ररी बुझ्न सक्छौं । "सुसमाचार" को अर्थ "असल खबर" हो ।

प्रेरितको कर्मले कथालाई जारी गर्दछ । यसले प्रभुको स्वर्गारोहण पश्चात प्रेरितहरुले के के गरे त्यो बताउँछ । उनीहरुले पवित्र आत्माको सामर्थ्यमा प्रथम मण्डलीहरु स्थापित गरे ।

त्यसपछि पत्रहरु छन् । आफूहरुले शुरु गरेका मण्डलीहरु अनि इसाईहरुलाई लक्ष्य गरेर प्रेरितहरुले यी पत्रहरु लेखेका थिए ।

यदि हामीले सुसमाचारहरु र प्रेरितका पुस्तकहरु पहिला पढेका छौं भने हामी पत्रहरु राम्रोसँग बुझ्न सक्छौं । प्रकाश चाहिँ अन्तिम पुस्तक हो । यसले भविष्यको बारेमा अगमवाणीहरु गरेको छ ।

नयाँ करारलाई चार भागमा विभाजन गरिएको छ

१. सुसमाचारहरुः

मत्ती मर्कूस

लूका यूहन्ना

२. प्रथम मण्डलीको इतिहासः

प्रेरित

३. प्रेरितहरुद्वारा लेखिएका पत्रहरु:

रोमीहरुलाई
गलाती
फिलीप्पी
१ र २ थिस्सलोनिकी१
तीतस
हिब्रू
१ र २ पत्रुस
१ र २ कोरन्थी
एफिसी
कलस्सी
र २ तिमोथी
फिलेमोन
याकूब
१,२ र ३ यूहन्ना

४. अगमवाणी:

प्रकाश

पुरानो करारको पनि चारवटा विभाजनहरु छन्

१. मोशाका व्यवस्था

उत्पत्ति
लेवी
प्रस्थान
गन्ती
व्यवस्था

(यिनीहरुलाई "पञ्चपुस्तक" भनिन्छ जसको अर्थ हुन्छ "पाँच पुस्तकहरु")

२. प्रतिज्ञाको भूमिमा परमेश्वरका जनहरुको इतिहासः

यहोशू
न्यायकर्ताहरु
रुथ
१ र २ शमूएल
१ र २ राजाहरु
१ र २ इतिहास
एज्रा
ण्ज्ञद्ध(ण्ढघ निहेम्याह
एस्तर

३. कविताः

अय्यूब
ण्ज्ञद्ध
हितोपदेश
उपदेशक
श्रेष्ठगीत

३. अगमवाणीः

यशैया
यर्मिया
विलाप
इजकिएल
दानिएल
अनि अरु बाह्रवटा साना अगमवक्ताहरु (होशेदेखि मलाकीसम्म)

याद राखौं, हामी पुरानो होइन, तर नयाँ करारको अन्तर्गत जिउँदछौं । पुरानो करार परमेश्वरको वचनको भाग नै हो अनि यसभित्र धेरै नमूनाहरु दिइएका छन् जसले हामीलाई पर मेश्वरको वचन बुझाउन मदत गर्दछ । तरै पनि हामी वचनलाई नयाँ करारकै अनुसार व्याख्या गर्दछौं किनकि हामी नयाँ करारकाहरु हौं ।

कतिपय झूटा पन्थीहरुले उनीहरुको शिक्षा व्यवस्थामा आधारि त गरेका छन् जो अब हामीले पालन गरिरहनु पर्दैन ।

किन हामीले हाम्रो सिद्धान्त नयाँ करारमा आधारित गर्दछौं ?

हामीले आफैलाई परमेशवरको वचनमा समर्पित गर्ने एक व्यावहारिक उपाय

परमेश्वरको वचनले हाम्रो जीवनको हरेक क्षेत्रलाई छुनको निम्ति हामीले निम्न कुराहरु पालन गर्नु पर्दछ:

१. यसलाई निरीक्षण गर्नोस् : यसले के भन्छ राम्ररी हेर्नोस् / बुझ्नोस् ।ण्ज्ञद्ध
२. यसलाई व्याख्या गर्नोस् : यसको अर्थलाई स्पष्ट पार्नोस् ।ण्ज्ञद्ध
३. यसलाई प्रयोग गर्नोस् : यसले हामीलाई अगुवाइ गरोस् ।

निरीक्षण

पढिएको खण्डले के भन्छ ?

निरीक्षणको बेला हामी खण्डमा भएका शब्दहरुले वास्तवमा के बताउन खोजिरहेछ राम्ररी हेर्नेछौं । सर्वप्रथम, यस खण्डमा परमेश्वरको ज्योति परोस् भनी उहाँसंग प्रार्थना गर्नेछौं । यति गरेपछि उहाँले भन्न खोज्नु भएको कुरो हामी पाउनेछौं । उहाँको प्रकाश बिना हामीले परमेश्वरको वचन र ाम्ररी बुझ्न सक्तैनौं । (१ कोरन्थी २:११-१६, एफिसी १:१८)

“मेरा आँखाहरु खोलिदिनुहोस्, र म तपाईको व्यवस्थाका उदेकका कुराहरु देख्न सकूँ ।” (भजन ११९:१८)

हामीले परमेश्वरको वचन पढौं भनेर हामीलाई तयार पार्नलाई कति गजबको प्रार्थना (माथि उद्धृत गरिएको) !

त्यसपछि, हामी खण्डलाई होशियारीपूर्वक पढ्दछौं, अनि यसलाई नबुझुञ्जेल बारम्बार पढिरहन्छौं ।

बाइबललाई ठीकसँग बुझ्नको निम्ति पहिलो नियम हो: बाइबललाई यसको सन्दर्भअनुसार अध्ययन गर्नु । (सन्दर्भ चाहिँ पढिएको पदको अघि वा पछि आउँछ, साथै ऐतिहासिक पृष्ठभूमि पनि हो: कहाँ र कसरी यो हुन गयो।)

हामीले सम्पूर्ण अनुच्छेद नपढुञ्जेल खण्डको एक वाक्यांश पनि बुझ्न सक्दैनौं । यदि अनुच्छेद पनि बुझिन्न भने सम्पूर्ण अध्याय पढ्नुहोस् । सम्पूर्ण अध्याय बुझिन्न भने सम्पूर्ण पुस्तक पढ्नुहोस् । यति गर्दा पनि बुझ्नु भएन भने यस खण्डबाट तपाईले सिकाउनु वा प्रचार गर्नु भएन ! जससँग

बाइबलको बढी ज्ञान छ, उसित सिकाइमाग्नोस् । झूटा पन्थहरुले उनीहरुको सिद्धान्तलाई एकलो पदहरुले पुष्टि गर्न खोज्छन्, तर तिनीहरुले पदको सन्दर्भसित मिलाएर व्याख्या गर्दैनन् । उनीहरुले पदहरुलाई सन्दर्भदेखि बाहिर लगेर पर मेश्वरको वचनलाई गलत व्याख्या गर्दछन् ।

सन्दर्भको अर्थ:

- ☐ खण्डको अघि र पछि के लेखिएको छ अनि यसको ऐतिहासिक पृष्ठभूमि के छ ।
- ☐ खण्डको आधारमा पाठकको विचार के छ ।

खण्डको वरिपरि भएको हरेक कुराले अर्थात खण्डको अघि र पछि के छ, यसको ऐतिहासिक पृष्ठभूमि के हो, लेखकले किन लेखे, यी सबैले हामीलाई खण्डको महत्त्व र अर्थ बुझाउन सहयोग गर्दछ ।

जब तपाईले एक खण्डलाई निरीक्षण गर्नुहुन्छ, तपाईले निम्न प्रश्नहरु गर्नुहोस्:

- लेखक को हो ?

- यो घट्ना कहाँ घटेको हो ?
- यो कहिले घटेको हो ?
- कुन मानिसहरु यहाँ संलग्न छन् ?
- कसको बारेमा यसले बोलिरहेको छ ?
- यो किन लेखियो ?

(हामीले बुझ्न नसकेका, अनि अरु विवरणहरुलाई हामीले विचार गर्नुपर्दछ ।)

व्याख्या

खण्डको अर्थ के हो ?

बाइबलको खण्डमाथि हामीले प्रार्थनासहित मनन गर्नुपर्दछ । सन्दर्भअनुसार यसको अर्थ स्पष्ट पार्नको निम्ति हामीले बाइबलको अन्य पुस्तकमा लेखिएका यसै घट्नावली, बाइबलका भूमिहरुको मानचित्रहरु, बाइबल शब्दकोष अनि टिप्पणीहरुबाट हामीले सहयोग प्राप्त गर्न सक्दछौं ।

जससित बाइबलको बढी ज्ञान छ उसित पनि हामीले सोधेर सहायता लिन सक्छौं ।

प्रयोग

यो खण्डले हामीलाई के गर्नको निम्ति अगुवाइ गर्दैछ ?

ाइबल अध्ययनमा हाम्रो उद्देश्य परमेश्वरको वचनले हाम्रो हृदय छेंड्न दिनु हो (भजन ११९:१९-११) अनि उहाँको इच्छा पूरा गर्न हामीलाई अगुवाइ गर्न दिनु हो । (याकूब १:२२)

परमेश्वरले हाम्रो चालचलन, हाम्रो नैतिकता, हाम्रो जीवनको योजना, अनि अरु मानिसहरुप्रति हाम्रो व्यवहारलाई परिवर्तन गरिदिनुहुन्छ । उहाँले प्रेम, आनन्द, शान्ति, दया अनि असल कामहरु गर्ने इच्छा उत्पन्न गरिदिनुहुन्छ ।
(२ तिमोथी ३:१६-१७)

प्रभुको र अरुहरुको सेवा गर्दै हामीले सिकेको शिक्षालाई दिनहुँ प्रयोगमा ल्याऔं । व्यवस्था ८:३ र मत्ती ४:४ ले हामीलाई सिकाउँदछ कि मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनबाट बाँच्दछ ।

परमेश्वरलाई जान्नु र प्रेमपूर्वक उहाँको आज्ञा पालन गर्नु नै बाइबल अध्ययनको उद्देश्य हो । (याकूब १:२२)

जब हामीले बाइबलको एक शिक्षा सिक्दछौं, अरुहरुलाई बाँड्न पाउनु हाम्रो लागि अति आनन्दकौ कुरा हुनैछ ।

नयाँ विश्वासीहरुले साधारणतया सुसमाचारहरुमा आधारित सरल सन्देशहरुबाट सिक्नु राम्रो हो ।

अब हामी बाइबलको कुनै एक खण्डलाई यी तीन तहमा ल्याएर व्यवहारमा उतारौं । कृपया गरी तपाईको बाइबलबाट मत्ती १५:३२-३९ खोल्नुहोस् ।

मत्ती १५:३२-३९ सित तरिकाको उदाहरण

निरीक्षण

मत्ती १५:३२-३९

अब हामी मत्ती १५:३२-३९ हा०शियारपूर्वक पढौं ।
तब मुख्य बुँदाहरुलाई ध्यानमा राख्नौस् ।



लेखकः प्रेरित मत्ती ।
कहाँः प्रभु गालीलको समुद्र नजीकैको पहाडमा हुनुभएको बेला
कहिलेः यही ठाउँमा धेरै रोगीहरुलाई निको पार्नुभएको तीन दिन पछि (पद २क)

प्रभुले सात रोटी र केही ससाना माछाहरुबाट शुरु गर्नुभयो । उहाँले रोटीलाई प्रशस्त पार्नुभएपछि, अनि सबैले खाएपछि, सात डालाहरुभरि रोटी उब्रिएको थियो ।
प्रभु येशूले सात रोटी र दुइ माछालाई हजारौं मानिसहरुलाई खुवाउनको निम्ति प्रशस्त पार्नुभएको थियो । खाएपछि, सात डालाभरिका खानाहरु उब्रिएको थियो ।

व्याख्या

(मत्ती १५:३२-३९)

कथाको अर्थ के हो ? यो ता प्रस्थानमा उल्लेख भएअनुसार जब परमेश्वरले उजाडभूमिमा इस्राएलका सन्तानहरुलाई खुवाउनुभयो, त्यस्तै कुरा हो (प्रस्थान १६)। परमेश्वरले त्यसबखत गर्नुभए जस्तै येशूले यहाँ पनि गर्दै हुनुहुन्छ । उहाँले खाँचोमा परेका मानिसहरुप्रति ठूलो दया देखाउनुभएको छ ।

प्रयोग

(मत्ती १५:३२-३९)

हामी यसलाई परमेश्वरको दया खीष्टमा ग्रहण गरेर, अनि अरुहरुलाई देखाएर प्रयोगमा ल्याउँदछौं । प्रभु येशूको प्रेम र शक्तिको यो उदाहरणलाई म सम्झनेछु । म परमेश्वरको प्रशस्त प्रबन्धमा भरोसा गर्नेछु । हाम्रो भोजन अनि हामीलाई हरेक दिन दिनुहुने प्रत्येक थोकको निम्ति म उहाँलाई धन्यवाद दिनेछु ।

सारांश जाँच

सही उत्तरमा चिन्ह लाउनोस् ।

१. बाइबल के हो :

☐ जादू र तान्त्रिक विद्याको पुस्तक

☐ परमेश्वरको प्रेरणाद्वारा लेखिएको ६६ वटा पुस्तकहरुको संकलन

२. प्रेरणाद्वारा लेखिएका यी पुस्तकहरुको केन्द्रीय विषय के हो ?

☐ यहूदी मानिसहरु ।

☐ प्रभु येशू खीष्ट ।

३. येशू खीष्टको बारेमा यो त्रुटीविहीन पुस्तक लेख्नलाई उहाँले कुन माध्यमद्वारा प्रेरणा दिनुभयो:

☐ मण्डलीको बुद्धि

☐ पवित्र आत्मा

४. इसाईहरु नयाँ करारका हुन् । यसैकारण, हामीले नयाँ करारलाई जत्तिकै गरेर पुरानो करारलाई प्रयोग गर्दैनौं । कसरी हामीले पुरानो करारलाई प्रयोग गर्ने हो ?

☐ यो ता पुराना मानिसहरुको निम्ति मात्र भएको कारण हामीले यसलाई भुलिदिए पनि हुन्छ ।

☐ हामीले यसलाई नयाँ करारको प्रकाशमा पढ्न सक्छौं ।

५. हामीले के गर्नुपर्ने हो भनी नयाँ करारले स्पष्टसँग भन्दछ, अनि हामीलाई पुरानो करार बुझ्नमा सहायता गर्दछ ।

हामी निरीक्षण, व्याख्या अनि प्रयोग गर्दछौं

पहिलो, हामीले कुनै खण्डलाई निरीक्षण गर्दा हाम्रौ जौड कैमा हुन्छ ?

_____

उत्तरः यसले के भन्छ त्यसैलाई हामी निरीक्षण गर्दछौं ।

दोस्रो, हामीले यसलाई कसरी व्याख्या गर्दछौं ?

उत्तरः यसको अर्थ के हो भनी हामी छुट्चाउँछौं । हामी यी कुरा पत्ता लाउँछौंः यो कसले लेख्यो ? कहाँ ? कहिले ? को देखा पर्छन् ? कसकौ बारैमा ? किन ?

तेस्रो, कसरी हामी यसलाई प्रयौग गर्दछौं ?

उत्तरः यस बारेमा हामीले के गरेको परमेश्वर चाहनुहुन्छ, हामी देखाउने छौं ।

अभ्यासका कामहरु

- बाइबल क्रमैसित, दिनहुँ एक वा दुइ अध्याय गरी पढ्नोस् । तपाईले पढ्नु भएको भागलाई चिन्ह लगाइर ाख्नोस् ।

- तपाईका मानिसहरुलाई दिनहुँ प्रार्थनासहित बाइबल पढ्न र प्रयोग गर्न सहयोग गर्नोस् ।

- तपाईका मानिसहरुलाई बाइबल राम्ररी जान्न सिकाउनौस्:

  - बाइबल के हो भनेर ।
  - यसको प्रेरणा बारेमा ।
  - खण्डहरु कसरी भेट्टाउनु ।
  - किन हामीले यसलाई अध्ययन गर्नु ?
  - पुरानो र नयाँ करारका विभाजनहरु ।
  - बाइबल पढ्नुभन्दा अघि हामीले किन प्रार्थना गर्नु ।
  - निरीक्षण
  - व्याख्या
  - प्रयोग

बाइबल अध्ययन चार्ट

सबै बाइबल क्रमैसित पढ्न तपाईलाई सहायता पुगोस् भनेर हामीले निम्नअनुसारको बाइबल अध्ययन चार्ट तयार पारेका छौं ।

यदि हरेक साताका ६ दिनभित्र तीन अध्यायहरु अनि हरेक आइतबार पाँच अध्यायहरु पढ्नु भयो भने एक वर्षभित्र बाइबल पढिसिध्याउन सकिन्छ। त्यति धेरै एकै पटक पढ्न तपाईलाई गाह्रो पर्ला। यदि पछाडिनु भयो भने पन तपाई निरास नबन्नोस्, किनकि एक वर्षमा सिध्याउनै पर्छ भन्ने कुनै व्यवस्था छैन ! मुख्य कुरो चाहिँ के हो भने तपाईको मन वचनमा केन्द्रित रहेको होस्। नयाँ विश्वासीहरुलाई नयाँ करारका सुसमाचारहरु, मत्ती, मर्कूस, लूका अनि यूहन्नाबाट पढ्नको निम्ति सल्लाह दिने गरिन्छ। त्यसपछि, नयाँ करार का अरु पुस्तकहरु पढ्नु होस अनि पुरानो करारका अरु पुस्तकहरु पनि जस्तै भजन, उत्पत्ति, प्रस्थान, यशैया, इत्यादि, मिलाएर पढ्नोस्।

यदि तपाईले हरेक दिन सात अध्यायहरु पढ्नुभयो, तपाईले ६ महिनाभन्दा कम्तिमा पढिसिध्याउनु हुन्छ।

जुन अध्यायहरु पढिसिध्याउनुहुन्छ त्यसमा ह्र चिन्ह लगाउनोस्।

उत्पत्ति	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०
प्रस्थान	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
लेवी	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७			
गन्ती	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६				
व्यवस्था	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४						
यहोशू	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४						

न्यायकर्ताहरु	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१									
रुथ	१	२	३	४						
१ शमूएल	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१									
२ शमूएल	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४						
१ राजाहरु	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२								
२ राजाहरु	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५					
१ इतिहास	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	
२ इतिहास	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६				

एज्रा	१	२	३	४	५	६	७	८	९	१०
निहेम्याह	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३							
एस्तर	१	२	३	४	५	६	७	८	९	१०
अय्यूब	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
	४१	४२								
भजनसंग्रह	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०
	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०
	६१	६२	६३	६४	६५	६६	६७	६८	६९	७०
	७१	७२	७३	७४	७५	७६	७७	७८	७९	८०
	८१	८२	८३	८४	८५	८६	८७	८८	८९	९०
	९१	९२	९३	९४	९५	९६	९७	९८	९९	१००
	१०१	१०२	१०३	१०४	१०५	१०६	१०७	१०८	१०९	११०
	१११	११२	११३	११४	११५	११६	११७	११८	११९	१२०
	१२१	१२२	१२३	१२४	१२५	१२६	१२७	१२८	१२९	१३०
	१३१	१३२	१३३	१३४	१३५	११३६	१३७	१३८	१३९	१४०
	१४१	१४२	१४३	१४४	१४५	१४६	१४७	१४८	१४९	१५०

हितोपदेश	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१									
उपदेशक	१	२	३	४	५	६	७	८	९	१०
	११	१२								
श्रेष्ठगीत	१	२	३	४	५	६	७	८		
यशैया	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०
	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०
	६१	६२	६३	६४	६५	६६				
यर्मिया	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०
	५१	५२								
विलाप	१	२	३	४	५					

इजकिएल	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
	४१	४२	४३	४४	४५	४६	४७	४८		
दानिएल	१	२	३	४	५	६	७	८	९	१०
	११	१२								
होशे	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४						
योएल	१	२	३							
आमोस	१	२	३	४	५	६	७	८	९	
ओबदिया	१									
योना	१	२	३	४						
मीका	१	२	३	४	५	६	७			
नहूम	१	२	३							
हबक्कूक	१	२	३							
सपन्याह	१	२	३							
हाग्गै	१	२								

जकरिया	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४						
मलाकी	१	२	३	४						
मत्ती	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८		
मर्कूस	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६				
लूका	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४						
यूहन्ना	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१									
प्रेरित	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२	२३	२४	२५	२६	२७	२८		
रोमीहरुलाइ	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६				
१ कोरन्थी	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६				

२ कोरन्थी	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३							
गलाती	१	२	३	४	५	६				
एफिसी	१	२	३	४	५	६				
फिलिप्पी	१	२	३	४						
कलस्सी	१	२	३	४						
१ थिस्सलोनिकी	१	२	३	४	५					
२ थिस्सलोनिकी	१	२								
१ तिमोथी	१	२	३	४	५	६				
२ तिमोथी	१	२	३	४						
तीतस	१	२	३							
फिलेमोन	१									
हिब्रू	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३							
याकूब	१	२	३	४	५					

१ पत्रुस	१	२	३	४	५					
२ पत्रुस	१	२	३							
१ यूहन्ना	१	२	३	४	५					
२ यूहन्ना	१									
३ यूहन्ना	१									
यहूदा	१									
प्रकाश	१	२	३	४	५	६	७	८	९	१०
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
	२१	२२								



कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR ®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

014NP01A-01